# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-१० सङ्ख्या-५ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०८३/०३/१२

## भाग-२

### सुनकोशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# गरिब लक्षित स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०८३

सुनकोशी गाउँपालिका, ओखलढुंगा

**प्रस्तावनाः**

समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि मुख्य चुनौतीको रुपमा विद्यमान रहेकोले विपन्न, गरिब, असहाय, आर्थिक, सामाजिक रुपले समस्यामा परेका नागरिकलाई स्वास्थ्य सेवा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य सेवाको समतामुलक पहुच अभिवृद्धिका लागि नागरिक स्वास्थ्य बिमा कार्यक्रममा नागरिकलाई आवद्ध गराउदै योगदान रकममा सहुलियत प्रदान गर्न, एंव नेपालको संविधान, २०७२ बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समतामुलक पहुँचको हक प्राप्तिको प्रत्याभूति गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को खण्ड (ख).४ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेकोछ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**गरिब लक्षित स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०८३**" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "स्वास्थ्य बिमा" भन्नाले स्वास्थ्य बीमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बिमा



सुनकोशी गाउँपालिका अभिलेख

कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तीका लागि व्यक्ति एंव परिवारले गर्ने बीमा सम्झनु पर्छ।

(ख) "सहुलियत रकम" भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हूँदा बिमितले बुझाउने योगदान रकम (प्रिमियम) मा सुनकोशी गाउँपालिकाले दायित्व बहन गर्ने रकमलाई सम्झनु पर्छ।

(ग) "गरिब" भन्नाले गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ अनुसुची-२ मा उल्लेखित गरिव परिवार पाहिचानका सुचकहरुका आधारमा वडास्तरीय वडा स्तरीय स्वास्थ्य बीमा सिफारिस समितिबाट सिफारिस भएको व्यक्ति सम्झनु पर्दछ।

(घ) "योगदान रकम (प्रिमियम)" भन्नाले नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमामा सहभागी हुँदा बिमितको तर्फबाट बुझाउने सबै रकम सम्झनु पर्छ।

(ङ) "सेवा" भन्नाले स्वास्थ्य बिमा ऐन २०७४ को दफा ५ बमोजिम प्राप्त हुने सम्पुर्ण स्वास्थ्य सेवालाई सम्झनु पर्छ।

(च) "बीमित" भन्नाले स्वास्थ्य बिमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्छ।

सुनकोशी गाउँपालिका ओखलढुंगा

(छ) "बोर्ड" भन्नाले स्वास्थ्य बिमा बोर्डलाई सम्झनु पर्छ।

(ज) "गाउँपालिका" भन्नाले सुनकोशी गाउँपालिकालाई सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई सम्झनु पर्छ

(ञ) "दर्ता सहयोगी" भन्नाले स्वास्थ्य बिमा नियामावली २०७५ को नियम १२ बमोजिम नियूक्त व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रममा आवद्धता सम्बन्धी व्यवस्था

३. **कार्यक्रममा आवद्धताः** (१) नेपाल सरकारको स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम ३ बमोजिम देहाय अनुसारको आवद्धता हुनेछ।

(क) कार्यक्रममा सहभागिताको सहभागिताको लागि ५ (पाँच) जना सम्म सदस्य रहेको परिवारलाई एक एकाइ मानिनेछ।

(ख) कुनै परिवारमा पाँच जना भन्दा बदी सदस्य भएमा बदी भएजति सदस्यको कहमा प्रति व्यक्ति स्वास्थ्य सेवा नियमावली २०७५ को अनुसुची-१ बमोजिमको योगदान रकम भूक्तानी गर्ने गरी आवद्ध हुन सकिन्छ।

सुनकोशी गाउँपालिका अभिलेख

(ग) कार्यक्रममा आवद्धता सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य वीमा नियमावली २०७५ बमोजिम हुनेछ।

४. **आवद्ध हुने माध्यमः** (१) स्वास्थ्य सेवा नियमावली २०७५ को नियम ५ बमोजिमका देहायका आवद्ध हुने माध्यम हुनेछ।

(क) दर्ता सहयागी मार्फत

(ख) बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत विद्युतिय दर्ता प्रणालीबाट

(२) स्वास्थ्य बीमा कार्यक्रममा आवद्धताका लागि नेपाल सरकार अन्तर्गतका निकायबाट जारी गरिएको परिचय खुल्ने कुनैपनि लिखितलाई आधार मान्न सकिनेछ।

## परिच्छेद-३

## योगदान रकम र सहुलियत सम्बन्धी व्यवस्था

५. **योगदान रकमः** (१) कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम स्वास्थ्य वीमा नियमावली २०७५ को अनुसूची-१ बमोजिम हुनेछ।

(२) योगदान रकम सम्बन्धी अन्य व्यवस्था सेवा नियमावली २०७५ को नियम १५ को उपनियम (२), (३), (४), (५) बमोजिम हुनेछ।

६. **सहुलियत रकम सम्बन्धीः** (१) कार्यक्रममा आवद्धताको लागि स्वास्थ्य वीमा नियमावली, २०७५ को नियम १६ को उपनियम (१) अधिनमा रही सुनकोशी गाउँपालिकाले व्यहोर्ने रकम देहाय बमोजिम हुनेछ।

(क) प्रचलित कानुन बमोजिम अति गरीबको परिचय पत्र पाप्त परिवारको योगदान रकमको शतप्रतिशत रकम।



सुनकोशी गाउँपालिका, ओखलढुंगा

(ख) अति अशक्त अपाङ्गता (रातोकार्ड) प्राप्त गरेका व्यक्तिको योगदान रकमको शतप्रतिशत रकम।

(ग) असी वर्ष उमेर पुगेका जेष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत रकम।

(घ) सुनकोशी गाउँपालिकाबाट स्वीकृत गरिएको सम्बन्धित वडास्तरीय स्वास्थ्य बीमा सिफारिस समितिको सिफारिसको आधारमा खण्ड (क), (ख) र (ग) बमोजिम व्यक्ति वा परिवारको योगदान रकम मध्ये अधिकतम रु ३५०० तिन हजार पाँच सय सम्म पालिकाले र थप सदस्यको योगदान रकम बिमित परिवार आफैले गर्नु पर्नेछ।

७. **सहुलियत प्राप्त गर्न सक्ने:** सम्बन्धित वडा स्तरीय स्वास्थ्य बिमा सिफारिस समितिवाट सिफारिस गरी सुनकोशी गाउँपालिकाले स्वीकृत गरेका विपन्न परिवारले स्वास्थ्य बिमा गर्दा सहुलियत प्राप्त गर्न सक्नेछन्।

८. **सहुलियत प्राप्त हुने प्रक्रियाः** (१) यस कार्यक्रममा सहभागी हुन चाहने नागरिक (आवेदक) हरुले स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि अनुसूची-१ अनुसारको आवेदन फाराम भरी देहायका कागजात संलग्न गरी दर्ता सहयोगी मार्फत पेश गर्नु पर्नेछ।

(क) स्वास्थ्य बीमा नियमावलीको नियम ६ संग सम्बन्धित अनुसूची-२ को बीमालेख फाराम भरिएको।

(ख) वडा स्तरीय स्वास्थ्य बिमा सिफारिस समितिबाट प्राप्त सिफारिस



सुनकोशी गाउँपालिका ओखलढुंगा

(ग) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

(घ) अपाङ्गको हकमा गाउँपालिकाबाट जारी गरिएको परिचयपत्र।

(ङ) अति गरीबको परिचय पत्रको प्रतिलिपि।

९. **रकम उपलब्ध गराउनेः** (१) दफा ८ बमोजिम प्राप्त आवेदनहरु दफा १० बमोजिमको गाउँपालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिले स्वीकृत गरी सूचना प्रकाशन गर्नेछ। सो सूचनामा तोकिएको समय भित्र तोकिए बमोजिम साझेदारी रकम बिमा दर्ता सहयोगी मार्फत जम्मा गरे पछि कार्यपालिकाको कार्यालयबाट योगदान रकम (प्रिमियम रकम) मा सहुलियत वापतको रकम थप गरि स्वास्थ्य बिमा बोर्ड वा सम्बन्धित व्यक्तिलाई भुक्तानी गरिनेछ।

(२) योगदान रकम (प्रिमियम) मा सहुलियत वापतको रकम पहिलो, दोस्रो र तेस्रो वर्ष मात्र उपलब्ध गराइनेछ।

## परिच्छेद-४

## समिति अनुगमन मुल्याङ्कन सम्बन्धी व्यवस्था

१०. **गाउँपालिकास्तरीय स्वास्थ्य बिमा संयोजन समितिः** (१) नेपाल सरकार स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ बमोजिम गाउँपालिका स्वास्थ्य बिमा संयोजन समिति देहाय अनुसार हुनेछ।

(क) अध्यक्ष - संयोजक

(ख) उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

(ङ) स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी विशेष अनुभव वा विज्ञता हासिल गरेको अध्यक्षबाट मनोनित १ जना - सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

११. **<u>गाउँपालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकारः</u>** (१) गाउँ पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछन।

(क) स्वास्थ्य बीमा सम्बन्धी गाउँ पालिकास्तरीय कार्यक्रमको स्रोत व्यवस्थापन योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वियनमा कार्यपालिकालाई सहयोग गर्ने

(ख) कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन समिक्षा पृष्ठपोषण सुधार एंव विस्तार

(ग) स्वास्थ्य बिमा सम्बन्धी गुनासो व्यवस्थापन

(घ) स्वास्थ्य बीमा बोर्डसँग समन्वय एव निर्देशनको कार्यान्वयन गर्ने

(ङ) प्रिमियम सहुलियतका लागि प्राप्त आवेदनहरु छानविन गरि निर्णय गर्ने

१२. **<u>वडास्तरीय स्वास्थ्य बिमा सिफारिस समितिः</u>** नेपाल सरकार स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ लाई आधारमानी देहाय अनुसारका वडा स्तरीय स्वास्थ्य बिमा सिफारिस समिति गठन हुनेछ।

सुनकोशी गाउँपालिका ओखलढुंगा

| | |
|---|---|
| वडा अध्यक्ष | -संयोजक |
| दलित महिला सदस्य | -सदस्य |
| वडा सचिव | -सदस्य |
| समितिको अध्यक्षवाट सम्वन्धित वडामा रहेको बिद्यालयको प्र.अ वा शिक्षक मध्यबाट १ जना | -सदस्य |
| स्वास्थ्य संस्था प्रमुख | -सदस्य सचिव |

१३. **<u>वडास्तरीय स्वास्थ्य बीमा सिफारिस समितिको काम कर्तव्य र अधिकार:</u>** (१) वडा स्तरीय स्वास्थ्य बीमा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछन्।

(क) स्वास्थ्य बीमा सम्बन्धी पालिकास्तरीय कार्यक्रमको स्रोत व्यवस्थापन योजना तर्जुमाको लागी पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिलाई सुझाव दिने,

(ख) कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन समिक्षा पृष्ठपोषण सुधार एंव विस्तार गर्न गाउँपालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समिति लाई सिफारिस गर्ने,

(ग) प्रिमियम सहुलियतका लागि प्राप्त आवेदनहरु छानविन गरि स्वीकृतको लागि पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिलाई सिफारिस गर्ने,

सुनकोशी गाउँपालिका अोखलढुङ्गा

## परिच्छेद-५

## विविध

१४. **बाधा अड्काऊः** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा सुनकोशी गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ।

१५. **अमान्य हुनेः** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित ऐन, नियमावलीसँग बाझिएमा बाझिएसम्म अमान्य हुनेछ।

सुनकोशी गाउँपालिका, ओखलढुंगा

अनुसुची-१

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

**सहुलियत रकमको लागि निवेदन**

**विषयः स्वास्थ्य बिमा योगदान रकम सहुलिएतको लागि निवेदन।**

श्रीमान वडा अध्यक्ष ज्यू,
सुनकोशी गाउँपालिका-.............ओखलढुङ्गा।

उपरोक्त सम्बन्धमा सुनकोशी गाउँपालिकाको गरिब लक्षित स्वास्थ्यत बिमा कार्यक्रम कार्यविधि, २०८३ बमोजिम गरिब तथा अपाङ्गता व्यक्तिलाई निशुल्क स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि देहायअनुसारको कागजात सहित निवेदन फाराम पेश गरेको छु।

**निवेदकः**
नामः
ठेगानाः
ना.प्र.न.:
मोबाईल नं.:

प्रमाणीकरण मितिः २०८३/०३/१२

आज्ञाले,
लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत



सुनकोशी गाउँपालिका ओखलढुङ्गा